सन्धिखर्क नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाची
५ नं. प्रदेश, नेपाल

च न

प स

मितिः २०७६/०७/२७

## विषयः मुत्र संकलनका लागी भकारो सुधार कार्यक्रम माग सम्बन्धि सुचना ।।।

सन्धिखर्क नगरपालिकाको आ व २०७६।०७७ को मुत्र संकलनका लागी भकारो सुधार सम्वन्धि ससर्त कार्यक्रम अन्तर्गत तपशिल बमोजिमको प्रक्रिया पुर्याई रित पुर्वकको माग फारम यस कार्यालयमा दर्ता गराउनुहुन सम्बन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. भकारो सुधार कार्यक्रम मांग गर्दा समुह समिती कृषि फर्मले कम्तीमा ५० प्रतिशत जनश्रमदान गर्ने समेतको निर्णय प्रतिलिपी तथा संस्था वा समुह दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

२. सम्वधित वडाको सिफारीस सहित यस कार्यालयमा तोकिएको मिति भित्र रु. १० को टिकट टाँस गरी निवेदन सहित बुझाई सक्नु पर्ने छ ।

३. व्यवसायिक कृषक समुह, समिति तथा कृषि फर्मलाई मात्र उपलव्ध गराईने छ व्यवसायिक कृषक समुह समितिको हकमा कम्तीमा २५ रोपनी तथा कृषि फर्मको हकमा ३ रोपनी क्षेत्रफलमा तरकारी वाली लगाएको हुनु पर्ने छ ।

४. पानी श्रोत खुल्ने मुहान कुलो वाध संरचना निर्माण स्थल पाईप लाईन विस्तारमा कुनै किसिमको विवाद नभएको हुनु पर्ने छ ।

५. सुचना प्रकाशित मितिले १५ दिन २०७६।०८।११ गते सम्म यस कार्यालयमा कार्यालय समय भित्र निवेदन दर्ता गराई सक्नुपर्नेछ । अन्तिम म्यादका दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र निवेदन पेश गरि सक्नुपर्ने छ ।

६. अन्य कुरा प्रचलित नियम कानुन वमोजिम हुने व्यहोरा अनुरोध गरिन्छ।

नोट- अन्य केही कुरा बुझ्न परेमा सम्वन्धित वार्ड कार्यालय वा यस कार्यालयको फोन न ०७७४२०११२ मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

☎ ०७७-४२०११२, ४२०६६२ E-mail:- sandhikharkamunicipality@gmail.com URL:-http://www.sandhikharkamun.gov.np